## नेकपा (एकीकृत समाजवादी) को अन्तरिम विधान २०७८ मा संशोधन प्रस्ताव

| क्र.सं. | धारा उपधारा | विषय | अहिल भएको | संशोधनका निम्ति प्रस्ताव | |
|---|---|---|---|---|---|
| १ | | प्रस्तावना | | | |
| २ | २ | पार्टीको नाम | नेकपा (एकीकृत समाजवादी) को अन्तरिम विधान २०७८ | नेकपा (एकीकृत समाजवादी) को विधान २०८१ | |
| ३ | थप | प्रतिक चिन्ह | | धरा ६. पार्टीको प्रतिक चिन्ह अनुसूची– ४ मा उल्लेख भए बमोजिम हुनेछ । | |
| ४ | ९ (क) १० र ११ | पार्टी सदस्यको योग्यता | १०. पार्टीको सिद्धान्त, कार्यक्रम र नीति आत्मसात गरी कार्यान्वयन गर्न तत्पर,<br>११. पार्टीको विधान र नियमावली मान्न तत्पर, | १०. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको सामान्य जानकारी राख्ने र तिनलाई आत्मसात गरी कार्यान्वयन गर्न तत्पर,<br>११. पार्टीको विधान र नियमावली अध्ययन गरेको र मान्न तत्पर, | |
| ५ | १० (क) २ | सङ्गठित पार्टी सदस्यको योग्यता | ३. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिप्रति प्रतिबद्ध तथा विधानलाई निःशर्त स्वीकार गरी कार्यान्वयन गर्न तत्पर, | ३. पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधान अध्ययन गरेको र निःशर्त रुपमा स्वीकार गरी कार्यान्वयन गर्न तत्पर, | |
| ६ | १८ (क) | केन्द्रीय निकाय | १. राष्ट्रिय महाधिवेशन,<br>२. केन्द्रीय परिषद<br>३. केन्द्रीय कमिटी,<br>४. केन्द्रीय अनुशासन आयोग,<br>५. केन्द्रीय लेखा परीक्षण आयोग,<br>६. केन्द्रीय निर्वाचन आयोग,<br>७. केन्द्रीय सल्लाहकार परिषद<br>८. केन्द्रीय जेष्ठ कम्युनिष्ट परिषद | १. राष्ट्रिय महाधिवेशन,<br>२. केन्द्रीय परिषद<br>३. केन्द्रीय कमिटी,<br>४. केन्द्रीय अनुशासन आयोग,<br>५. केन्द्रीय लेखा परीक्षण आयोग,<br>६. केन्द्रीय निर्वाचन आयोग,<br>७. केन्द्रीय सल्लाहकार परिषद<br>८. केन्द्रीय जेष्ठ कम्युनिष्ट परिषद | १. राष्ट्रिय महाधिवेशन,<br>२. केन्द्रीय कमिटी,<br>३. केन्द्रीय अनुशासन आयोग,<br>४. केन्द्रीय लेखा परीक्षण आयोग,<br>५. केन्द्रीय निर्वाचन आयोग,<br>६. केन्द्रीय सल्लाहकार परिषद<br>. केन्द्रीय जेष्ठ कम्युनिष्ट परिषद<br>८. केन्द्रीय परिषद |
| ७ | १९ (घ) | राष्ट्रिय महाधिवेशनका प्रतिनिधि | (घ) राष्ट्रिय महाधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :<br>१.केन्द्रीय कमिटीका पदाधिकारी एवं सदस्यहरू,<br>२.केन्द्रीय आयोगका पदाधिकारी एवं सदस्यहरू,<br>३. केन्द्रीय कमिटीद्वारा निर्धारित महाधिवेशनका प्रतिनिधि निर्वाचन क्षेत्रका सङ्गठित सदस्यहरूबाट केन्द्रीय कमिटीले तोकेको सङ्ख्यामा निर्वाचित प्रतिनिधिहरू,<br>४.उपधारा १, २ र ३ मा उल्लेखित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय | (घ) राष्ट्रिय महाधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :<br>१. केन्द्रीय कमिटीका पदाधिकारी एवं सदस्यहरू,<br>२. केन्द्रीय आयोगका पदाधिकारी एवं सदस्यहरू,<br>३. केन्द्रीय कमिटीद्वारा निर्धारित महाधिवेशनका प्रतिनिधि निर्वाचन क्षेत्रका सङ्गठित सदस्यहरूबाट केन्द्रीय कमिटीले तोकेको सङ्ख्यामा निर्वाचित,<br>४. उपधारा १, २ र ३ मा उल्लेखित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय | (घ) राष्ट्रिय महाधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :<br>१.केन्द्रीय कमिटीले निर्धाण गरेको निर्वाचन क्षेत्रबाट निर्वाचित ,<br>४. उपधारा १ बमोजिम निर्वाचित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय कमिटिबाट मनोनित । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कमिटिबाट मनोनित प्रतिनिधिहरू । | कमिटिबाट मनोनित । | |
| ८ | १९ (ङ) | महाधिवेशनका काम | ४.केन्द्रीय परिषद्का सदस्यहरूको निर्वाचन गर्ने । | ४.केन्द्रीय परिषद्का सदस्यहरूको निर्वाचन गर्ने । | ४.केन्द्रीय कमिटी र केन्द्रीय आयोगका सदस्य र पदाधिकारीको निर्वाचन गर्ने । |
| ९ | २०(क) र (ख) | केन्द्रीय परिषद् | (क) पार्टीका दुई महाधिवेशनबीच पार्टीको सर्वोच्च नीति निर्माता संस्थाको रूपमा महाधिवेशनबाट निर्वाचित एक केन्द्रीय परिषद रहनेछ ।<br>(ख) केन्द्रीय परिषदमा देहायका क्षेत्रबाट सदस्यहरु छानिने छन् :<br>१. प्रत्येक भूगोलका जिल्लाकमिटीबाट खुला १, महिला १, दलित १ जनजाति वा अल्प संख्याक १ गरी जम्मा ४ र ३००० भन्दाबढी सङ्गठित पार्टी सदस्य भएका जिल्ला कमिटीहरुबाट थप १ जना तथा ५००० भन्दाबढी सङ्गठित पार्टी सदस्य भएका जिल्ला कमिटीहरुबाट थप १ जना ।<br>२. जिल्ला कमिटी तेसरहका प्रत्येक कमिटीहरु (प्रबास कमिटीहरु –भारतसहित दक्षिण एशिया, दक्षिण अमेरिका (संयुक्त राज्य अमेरिका र क्यानडा), ओसेनिया (अष्ट्रेलिया), युरोप, पश्चिम एशिया (खाडी क्षेत्र), पूर्वी एशिया (जापान, मलेशिया, कोरिया र हङकङ) र अफ्रका प्रत्येकलाई जिल्ला कमिटी सरश मान्यता दिने) खुला १, महिला १, दलित १ जनजाति वा अल्प संख्याक १ गरी जम्मा ४ र ३००० भन्दाबढी सङ्गठित पार्टी सदस्य भएका जिल्ला कमिटीहरुबाट थप १ जना तथा ५००० भन्दाबढी सङ्गठित पार्टी सदस्य भएका जिल्ला कमिटीहरुबाट थप १ जना ।<br>३. प्रत्येक प्रदेशसभा निर्वान क्षेत्रबाट एकजना ।<br>४. घोषित जनवर्गीय सङ्गठनहरुमध्ये:<br>(क). महिला, युवा र विद्यार्थी सङ्गठन | (क) पार्टीका दुई महाधिवेशनबीच पार्टीको सर्वोच्च नीति निर्माता संस्थाको रूपमा महाधिवेशनबाट निर्वाचित एक केन्द्रीय परिषद रहनेछ ।<br>(ख) केन्द्रीय परिषदमा देहायका क्षेत्रबाट सदस्य छानिने छन् :<br>१. तीन सयभन्दा कम सङ्गठित पार्टी सदस्य भएको जिल्लाबाट एकजना ।<br>२. तीनसयदेखि एक हजारसम्म सङ्गठित पार्टी सदस्य भएको जिल्लाबाट एक महिला र एक दलितसहित तीन जना ।<br>३. एक हजार एकदेखि तीन हजारसम्म सङ्गठित पार्टी सदस्य भएको जिल्लाबाट दुई महिला र एक दलितसहित छ जना ।<br>४. तीन हजारभन्दा बढी सङ्गठित पार्टी सदस्य भएको जिल्लाबाट तीन महिला र एक दलितसहित छ जना ।<br>५. जनवर्गीय, पेशागत, व्यवसायिक र सामुदायिक महासङ्घमा रहेका पार्टीको घोषित जन सङ्गठनका रूपमा स्वीकृत प्रत्येक घटक सङ्गठनबाट एकजना ।<br>६. महिला, युवा र विद्यार्थी सङ्गठन प्रत्येकबाट एक महिलासहित तीन जना ।<br>७. अन्य जन सङ्गठन प्रत्येकबाट एकजना ।<br>८. विशेष जिल्ला कमिटी र प्रदेश सम्पर्क कमिटी वा सो सरहका पार्टी संयन्त्र प्रत्येकबाट एकजना ।<br>९. खुला ३३ जना महिलासहित एकसय जना । | (क) देहायका सदस्य रहेको एक केन्द्रीय परिषद हुनेछ :<br>१. केन्द्रीय कमिटी, केन्द्रीय आयोग, केन्द्रीय सल्लाहकार परिषद र केन्द्रीय जेष्ठ कम्युनिष्ट मञ्चका सदस्यहरु,<br>२. प्रदेश कमिटीका पदाधिकारीहरु, ।<br>३. केन्द्रीय विभागका सचिवहरु,<br>४. जिल्ला कमिटीका अध्यक्षहरु<br>५. प्रदेश सम्पर्क कमिटीका अध्यक्षहरु,<br>६. जिल्ला कमिटीसरहको हैसियत प्राप्त पाटी संयन्त्रका प्रमुखहरु,<br>७. जिल्लाका प्रत्येक सङ्घीय निर्वाचन क्षेत्रबाट एक महिलासहित दुई जना,<br>८. प्रदेश सम्पर्क कमिटी र विशेष जिल्ला कमिटी प्रत्येकबाट एक महिलासहित दुई जना ।<br>९. मजदुर, किसान, पेशागत र यद्योग व्यवसायी महासङ्घमा रहेका पार्टीको घोषित जन सङ्गठनका रूपमा स्वीकृत प्रत्येक घटक सङ्गठनबाट एकजना ।<br>१०. महिला, युवा र विद्यार्थी सङ्गठन प्रत्येकबाट कम्तिमा एक महिलासहित तीन जना ।<br>११ अन्य जन सङ्गठन प्रत्येकबाट एकजना ।<br>१२. उपर्युक्त संख्याको दश प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय कमिटिबाट मनोनित । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रत्येकबाट तीन जना ।<br>(ख) पेशागत, व्यवसायिक र सामुदायिक महासङ्घहरु प्रत्येकबाट १ जना र तिनका घटक सङ्गठनहरु प्रत्येकबाट एकजना ।<br>५. अन्य जन सङ्गठन प्रत्येकबाट एकजना ।<br>६. खुला एकसय एकाउन्न (१५१) जना । | | |
| १० | २०<br>(ख) | केन्द्रीय परिषद्को काम | (ङ) केन्द्रीय परिषदका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :<br>१. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका सदस्य एवम् पदाधिकारीहरूको चयन गर्ने,<br>२. केन्द्रीय कमिटीबाट प्रस्तुत वार्षिक कार्य सम्पादन प्रतिवेदन र कार्ययोजनामाथि छलफल गरी पारित गर्ने,<br>३. राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने गरी पार्टी विधानमा आवश्यक संशोधन गर्ने,<br>४. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका सदस्य एवं पदाधिकारीमा आवश्यक हेरफेर तथा पदपूर्ति गर्ने,<br>५. राष्ट्रिय महत्वका विभिन्न प्रस्तावहरू पारित गर्ने । | १. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका सदस्य एवम् पदाधिकारीहरूको चयन गर्ने,<br>२. केन्द्रीय कमिटीबाट प्रस्तुत वार्षिक कार्य सम्पादन प्रतिवेदन र कार्ययोजनामाथि छलफल गरी पारित गर्ने,<br>३. राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने गरी पार्टी विधानमा आवश्यक संशोधन गर्ने,<br>४. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका सदस्य एवं पदाधिकारीमा आवश्यक हेरफेर तथा पदपूर्ति गर्ने,<br>५. राष्ट्रिय महत्वका विभिन्न प्रस्तावहरू पारित गर्ने । | (ङ) केन्द्रीय परिषदका अधिकार र कर्तव्य :<br>१. केन्द्रीय कमिटीबाट प्रस्तुत राजनीतिक एवं साङ्गडनिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,<br>२.राष्ट्रिय महत्वका विभिन्न प्रस्तावहरू पारित गर्ने । |
| | | | (क) केन्द्रीय कमिटी दुई महाधिवेशनबिच पार्टीको सर्बोच्च कार्यकारी संस्था हुनेछ ।<br>(ख) केन्द्रीय कमिटी अध्यक्ष १, सम्मानित नेता १, नेता २, उपाध्यक्ष ७, महासचिव १, उप महासचिव ५, सचिव ७ गरी जम्मा २४ | (क) केन्द्रीय कमिटी दुई महाधिवेशनबिच पार्टीको सर्बोच्च कार्यकारी संस्था हुनेछ ।<br>(ख) केन्द्रीय कमिटी अध्यक्ष १, वरिष्ठ नेता १, उपाध्यक्ष ... महासचिव १, उपमहासचिव .., सचिव....गरी ...जना पदाधिकारीसहित | (क) केन्द्रीय कमिटी दुई महाधिवेशनबिच पार्टीको सर्बोच्च कार्यकारी संस्था हुनेछ ।<br>(ख) केन्द्रीय कमिटी अध्यक्ष १, सम्मानित नेता १, उपाध्यक्ष..., महासचिव १, उपमहासचिव..., सचिव.... गरी ... जना पदाधिकारीसहित १७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | २१ (क), (ख), (ग), (घ), (ङ), (च), (छ) | केन्द्रीय कमिटी | जना पदाधिकारीसहित ३५१ सदस्यीय हुनेछ ।<br>(ग) केन्द्रीय कमिटीको कुल सदस्य संख्याको कम्तिमा एकतिहाइ सदस्या महिला हुनेछन् ।<br>(घ) केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरू केन्द्रीय परिषद्‌बाट निर्वाचित हुनेछन् ।<br>(ङ) केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशन र केन्द्रीय परिषद्‌प्रति उत्तरदायी रहनेछ ।<br>(च) केन्द्रीय परिषद्‌बाट नयाँ केन्द्रीय कमिटी निर्वाचित भएपछि पुरानो केन्द्रीय कमिटी स्वतः विघटित हुनेछ ।<br>(छ) केन्द्रीय कमिटीभित्र पदाधिकारीसहित ४५ सदस्यीय स्थायी कमिटी र स्थायी कमिटी सदस्यहरुसहितको ११५ सदस्यीय पोलिटब्युरो रहने छ । | १५९ पूर्ण र १६ वैकल्पिक सदस्य गरी जम्मा १७५ सदस्यीय हुनेछ ।[1]<br>(ग) केन्द्रीय कमिटीको कुल सदस्य संख्याको कम्तिमा एकतिहाइ सदस्या महिला हुनेछन् ।<br>(घ) केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरू केन्द्रीय परिषद्‌बाट निर्वाचित हुनेछन् ।<br>(ङ) केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशन र केन्द्रीय परिषद्‌प्रति उत्तरदायी रहनेछ ।<br>(च) केन्द्रीय परिषद्‌बाट नयाँ केन्द्रीय कमिटी निर्वाचित भएपछि पुरानो केन्द्रीय कमिटी स्वतः विघटित हुनेछ ।<br>(छ) केन्द्रीय कमिटीभित्र पदाधिकारीसहित ५७ सदस्यीय स्थायी कमिटी र स्थायी कमिटी सदस्यहरुसहित १९ सदस्यीय पोलिटब्युरो रहने छ । | सदस्यीय हुनेछ ।<br>(ग) केन्द्रीय कमिटीको कुल सदस्य संख्याको कम्तिमा एकतिहाइ सदस्या महिला हुनेछन् ।<br>(घ) केन्द्रीय कमिटीका सदस्य र पदाधिकारीहरू महाधिवेशनबाट निर्वाचित हुनेछन् ।<br>(ङ) केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशन र केन्द्रीय परिषद्‌प्रति उत्तरदायी रहनेछ ।<br>(च) राष्ट्रिय महाधिवेशनबाट नयाँ केन्द्रीय कमिटी निर्वाचित भएपछि पुरानो केन्द्रीय कमिटी स्वतः विघटित हुनेछ ।<br>(घ) केन्द्रीय कमिटीभित्र केन्द्रीय पदाधिकारी र स्थायी कमिटी सदस्यसहित ५७ सदस्यीय पोलिटब्युरो र पदाधिकारीसहित १९ सदस्यीय स्थायी कमिटी रहने छ । |
| १२ | २९ (क) | प्रदेश निकायहरु | (क) पार्टीका प्रदेश निकायहरू निम्न प्रकार हुनेछन् :<br>१. प्रदेश/विशेष प्रदेश अधिवेशन ।<br>२. प्रदेश/विशेष प्रदेश परिषद् ।<br>३. प्रदेश/उपत्यका विशेष प्रदेश/ सम्पर्क समन्वय कमिटी ।<br>४. प्रदेश आयोगहरू । | (क) पार्टीका प्रदेश निकायहरू निम्न प्रकार हुनेछन् :<br>१. प्रदेश/विशेष प्रदेश अधिवेशन ।<br>२. प्रदेश/विशेष प्रदेश परिषद् ।<br>३. प्रदेश/उपत्यका विशेष प्रदेश/सम्पर्क विशेष प्रदेश कमिटी । | (क) पार्टीका प्रदेश निकायहरू निम्न प्रकार हुनेछन् :<br>१. प्रदेश/विशेष प्रदेश अधिवेशन ।<br>२. प्रदेश/उपत्यका विशेष प्रदेश/सम्पर्क विशेष प्रदेश कमिटी ।<br>३. प्रदेश/विशेष प्रदेश परिषद् । |
| १३ | ३० (ख) | प्रदेश अधिवेशनका प्रतिनिधि | (ख) प्रदेश अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :<br>१. प्रदेश कमिटीका पदाधिकारी एवं सदस्यहरू,<br>२. प्रदेश आयोगका पदाधिकारी एवं सदस्यहरू,<br>३. प्रदेश कमिटीले निर्धारण गरेबमोजिम सङ्गठित सदस्यहरूबाट निर्वाचित | (ख) प्रदेश अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :<br>१. प्रदेश कमिटीका पदाधिकारी एवं सदस्यहरू,<br>२. प्रदेश आयोगका पदाधिकारी एवं सदस्यहरू,<br>३.प्रदेश कमिटीले निर्धारण गरेबमोजिम सङ्गठित सदस्यहरूबाट निर्वाचित, | (ख) प्रदेश अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :<br>३. प्रदेश कमिटीले निर्धारण गरेबमोजिम सङ्गठित सदस्यहरूबाट निर्वाचित,<br>४.उपधारा १ बमोजिम निर्वाचित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी |

[1] देहायका परिभाषित जिम्मेवारी अनुसार केन्द्रीय कमिटीका सदस्य छानिने छन् : अध्यक्ष १, महासचिव १, प्रदेश इन्चार्ज ७ + ३ = १०, जिल्ला इन्चार्ज ७७ +५= ८२, विभाग प्रमुख ३१, फाँट इन्चार्ज २०, मोर्च र महासङ्घ इन्चार्ज ३, सम्पर्क ७, प्रबास २, कार्यालय सचिव १ गरी जम्मा १५९ पूर्ण र १६वैकल्पिक गरी जम्मा १७५ ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिनिधिहरू,<br>४.उपधारा १, २ र ३ मा उल्लेखित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश/विशेष प्रदेश कमिटिबाट मनोनित प्रतिनिधिहरू । | ४.उपधारा १, २ र ३ मा उल्लेखित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश/विशेष प्रदेश कमिटिबाट मनोनित । | प्रदेश/विशेष प्रदेश कमिटिबाट मनोनित । |
| १४ | ३० (ग) | प्रदेश अधिवेशनको काम | ५ प्रदेश परिषद्का सदस्यहरूको निर्वाचन गर्ने । | ५ प्रदेश परिषद्का सदस्यहरूको निर्वाचन गर्ने । | ५. प्रदेश कमिटीका सदस्य र पदाधिकारीहरूको निर्वाचन गर्ने । |
| १५ | ३१ (क) र (ख) | प्रदेश/विशेष प्रदेश परिषद् | (क) हरेक प्रदेशमा अधिवेशनबाट निर्वाचित एक प्रदेश परिषद् रहनेछ ।<br>(ख) प्रदेश परिषद्मा देहायका क्षेत्रबाट सदस्य छानिने छन् :<br>१. प्रदेश अन्तर्गतका प्रत्येक जिल्लाबाट १ महिला, १ दलित, १ अन्य समावेशी क्षेत्रसहित ७ जना ।<br>२. प्रदेशभरका प्रत्येक प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रबाट १ महिलासहित ३ जना ।<br>३. प्रदेशमा कमिटी रहेका पार्टीका घोषित जनवर्गीय, पेशागत, व्यवसायिक र सामुदायिक सङ्गठन प्रत्येकबाट १ जना महिलासहित ३ जना ।<br>४. खुला ११५ जना । | (क) हरेक प्रदेशमा अधिवेशनबाट निर्वाचित एक प्रदेश परिषद रहनेछ ।<br>(ख) प्रदेश परिषदमा देहायका क्षेत्रबाट सदस्य छानिने छन् :<br>१. तीन सयभन्दा कम सङ्गठित पार्टी सदस्य भएको जिल्लाबाट एक महिला र एक दलितसहित तीन जना ।<br>२. तीनसयदेखि एक हजारसम्म सङ्गठित पार्टी सदस्य भएको जिल्लाबाट दुई महिला र एक दलितसहित छ जना ।<br>३. एक हजार एकदेखि तीन हजारसम्म सङ्गठित पार्टी सदस्य भएको जिल्लाबाट तीन महिला र एक दलितसहित नौ जना ।<br>४. तीन हजारभन्दा बढी सङ्गठित पार्टी सदस्य भएको जिल्लाबाट चार महिला, एक दलितसहित बाह्र जना ।<br>५. पेशागत, व्यवसायिक र सामुदायिक महासङ्घका प्रदेश समिति बनेका भए प्रत्येकबाट एक महिलासहित तीन जना ।<br>६. महिला, युवा र विद्यार्थी सङ्गठन प्रत्येकबाट एक महिलासहित तीन जना ।<br>७. अन्य जन सङ्गठन प्रत्येकबाट एकजना ।<br>८. खुला सत्र जना महिलासहित पचास जना । | (क) हरेक प्रदेश/विशेष प्रदेशमा देहायका सदस्य रहेको एक प्रदेश परिषद् रहनेछ :<br>१. प्रदेश कमिटी, प्रदेश सल्लाहकार परिषद् र प्रदेश ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी एवं सदस्यहरु,<br>२. प्रदेशभरका प्रत्येक प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रबाट १ महिलासहित ३ जना ।<br>३. प्रदेशमा कमिटी रहेका पार्टीका घोषित जनवर्गीय, पेशागत, व्यवसायिक र सामुदायिक सङ्गठन प्रत्येकबाट १ जना महिलासहित ३ जना ।<br>८. खुला सत्र जना महिलासहित पचास जना । |
| | | | (ङ) प्रदेश परिषद्का अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् : | (ङ) प्रदेश/विशेष प्रदेश परिषद्का अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् : | (ङ) प्रदेश/विशेष प्रदेश परिषद्का अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् : |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | ३१ (ङ) | | १. प्रदेश कमिटी र प्रदेश आयोगका सदस्य एवं पदाधिकारीको चयन गर्ने,<br>२. प्रदेश कमिटीबाट प्रस्तुत वार्षिक कार्य सम्पादन प्रतिवेदन र कार्ययोजनामाथि छलफल गरी पारित गर्ने,<br>३. प्रदेश कमिटी र प्रदेश आयोगका सदस्य एवं पदाधिकारीमा आवश्यक हेरफेर तथा पदपूर्ति गर्ने, | १. प्रदेश कमिटी र प्रदेश आयोगका सदस्य एवं पदाधिकारीको चयन गर्ने,<br>२. प्रदेश कमिटीबाट प्रस्तुत वार्षिक कार्य सम्पादन प्रतिवेदन र कार्ययोजनामाथि छलफल गरी पारित गर्ने,<br>३. प्रदेश कमिटी र प्रदेश आयोगका सदस्य एवं पदाधिकारीमा आवश्यक हेरफेर तथा पदपूर्ति गर्ने, | १. प्रदेश/विशेष प्रदेश कमिटीबाट प्रस्तुत वार्षिक कार्य सम्पादन प्रतिवेदन र कार्ययोजनामाथि छलफल गरी पारित गर्ने,<br>२. प्रदेश/विशेष प्रदेश कमिटीलाई आवश्यक सुझाव दिने । |
| १७ | ३२<br>(क),<br>(ख)<br>(ग)<br>(घ)<br>(ङ) | प्रदेश कमिटी | (क) हरेक प्रदेशमा प्रदेश परिषद्बाट निर्वाचित एक प्रदेश कमिटी रहनेछ ।<br>(ख) प्रदेश/विशेष प्रदेश कमिटीमा अध्यक्ष १, उपाध्यक्ष २, सचिव १, उपसचिव ५ (महिला १ र समावेशी १) :<br>(ग). प्रदेशसभा निर्वाचन क्षेत्रबाट महिला १, समावेशी १ सहित ३ जना र युवा तथा विषय विज्ञहरुको गचित प्रतिनिधित्व हुने गरी बढीमा थप १२५ जना ।<br>(घ). प्रदेश कमिटीमा कम्तिमा एकतिहाइ सदस्य महिला हुनेछन् ।<br>**(ङ)** प्रदेश कमिटी प्रदेश अधिवेशन र प्रदेश परिषद्प्रति उत्तरदायी रहनेछ । | (क) हरेक प्रदेशमा प्रदेश परिषद्बाट निर्वाचित एक प्रदेश कमिटी रहनेछ ।<br>(ख) प्रदेश/विशेष प्रदेश कमिटीमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, उपसचिव १ र निम्नानुसारको सङ्ख्यामा सदस्यहरू रहनेछन् :<br>(१) प्रदेश कमिटीको कुल सदस्य संख्या प्रदेशमा जति प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र छन् त्यत्ति र थप १५ जना हुनेछ ।<br>(ग) प्रदेश कमिटी प्रदेश अधिवेशन र प्रदेश परिषद्प्रति उत्तरदायी रहनेछ ।<br>(घ). प्रदेश कमिटीमा कम्तिमा एकतिहाइ सदस्य महिला हुनेछन् ।<br>**(ङ)** प्रदेश कमिटी प्रदेश अधिवेशन र प्रदेश परिषद्प्रति उत्तरदायी रहनेछ । | (क) हरेक प्रदेशमा प्रदेश अधिवेशनबाट निर्वाचित एक प्रदेश कमिटी रहनेछ ।<br>(ख) प्रदेश/विशेष प्रदेश कमिटीमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, उपसचिव १ र निम्नानुसार सदस्यहरू रहनेछन् :<br>(१) प्रदेश कमिटीको कुल सदस्य संख्या प्रदेशमा जति प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र छन् त्यत्ति र थप १५ जना हुनेछ ।<br>(ग). प्रदेश कमिटीमा कम्तिमा एकतिहाइ सदस्य महिला हुनेछन् ।<br>घ). प्रदेश कमिटीमा कम्तिमा एकतिहाइ सदस्य महिला हुनेछन् ।<br>**(ङ)** प्रदेश कमिटी प्रदेश अधिवेशनप्रति उत्तरदायी रहनेछ । |
| १८ | ३२<br>(च) | प्रदेश कमिटीको काम | १. कमिटीको कुल सदस्य सङ्ख्याको एकतिहाइभन्दा बढी नहुने गरी पदाधिकारीसहितको सचिवालय चयन गर्ने । | १. कमिटीको कुल सदस्य संख्याको एकतिहाइभन्दा बढी नहुने गरी पदाधिकारीसहितको सचिवालय चयन गर्ने । | १. प्रदेश/विशेष प्रदेश कमिटीका पदाधिकारीको चयन गर्ने । |
| १९ | ४०<br>(क) | स्थानीय निकाय | (क) पार्टीका स्थानीय निकायहरू देहाय बमोजिम हुनेछन् :<br>१. जिल्ला/विशेष जिल्ला अधिवेशन,<br>२. जिल्ला/विशेष जिल्ला परिषद्,<br>३. जिल्ला कमिटी/विशेष जिल्ला कमिटी,<br>४.प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय कमिटी, | (क) पार्टीका स्थानीय निकायहरू देहाय बमोजिम हुनेछन् :<br>१. जिल्ला/विशेष जिल्ला अधिवेशन,<br>२. जिल्ला/विशेष जिल्ला परिषद्,<br>३. जिल्ला कमिटी/विशेष जिल्ला कमिटी,<br>४.प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय कमिटी,<br>५. प्रदेस सभा निर्वाचन क्षेत्र समन्वय कमिटी, | (क) पार्टीका स्थानीय निकायहरू देहाय बमोजिम हुनेछन् :<br>१. जिल्ला/विशेष जिल्ला अधिवेशन,<br>२. जिल्ला कमिटी/विशेष जिल्ला कमिटी<br>३. जिल्ला/विशेष जिल्ला परिषद्,<br>४.प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय कमिटी,<br>५. प्रदेस सभा निर्वाचन क्षेत्र समन्वय कमिटी, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५. प्रदेस सभा निर्वाचन क्षेत्र समन्वय कमिटी,<br>६. महानगर/उपमहानगर/नगर अधिवेशन,<br>७. महानगर/उपमहानगर/नगर परिषद्,<br>८. महानगर/उपमहानगर/नगर कमिटी,<br>९. गाउँ अधिवेशन,<br>१०. गाउँ परिषद्<br>११. गाउँ कमिटी,<br>१२. वडा अधिवेशन<br>१३. वडा परिषद्<br>१४. वडा कमिटी,<br>१५. प्रारम्भीक परिषद्<br>१६. प्रारम्भिक कमिटी | ६.महानगर/उपमहानगर/नगर/गाउँ अधिवेशन,<br>७. महानगर/उपमहानगर/नगर/गाउँ परिषद्,<br>८. महानगर/उपमहानगर/नगर/गाउँ कमिटी,<br>९. वडा अधिवेशन<br>१०. वडा परिषद्<br>११. वडा कमिटी,<br>१२. प्रारम्भीक परिषद्<br>१३. प्रारम्भिक कमिटी | ६.महानगर/उपमहानगर/नगर/गाउँ अधिवेशन,<br>७. महानगर/उपमहानगर/नगर/गाउँ परिषद्,<br>८. महानगर/उपमहानगर/नगर/गाउँ कमिटी,<br>९. वडा अधिवेशन<br>१०. वडा परिषद्<br>११. वडा कमिटी,<br>१२. प्रारम्भीक परिषद्<br>१३. प्रारम्भिक कमिटी |
| २० | ४१ (क) र (ग) | स्थानीय अधिवेशनहरू | (क) धारा ४० मा उल्लेखित ४र ५ बाहेकका सबै स्थानीय कमिटीहरूले आफ्नो तहको अधिवेशन आयोजना गर्नेछन् ।<br>(ग) स्थानीय अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :<br>१. सम्बन्धित कमिटीका पदाधिकारी एवं सदस्यहरू,<br>२. सम्बन्धित कमिटीले निर्धारण गरे बमोजिम सङ्गठित सदस्यहरूबाट निर्वाचित प्रतिनिधिहरू,<br>३.उपधारा १ र २ मा उल्लेखित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित कमिटिबाट मनोनित प्रतिनिधिहरू । | (क) निर्वाचन क्षेत्रीय समन्वय कमिटीबाहेकका सबै स्थानीय कमिटीहरूले आफ्नो तहको अधिवेशन आयोजना गर्नेछन् ।<br>(ख) स्थानीय अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :<br>१. सम्बन्धित कमिटीका पदाधिकारी र सदस्य,<br>२. सम्बन्धित कमिटीले निर्धारण गरे बमोजिम सङ्गठित सदस्यहरूबाट निर्वाचित,<br>३.उपधारा १ र २ मा उल्लेखित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित कमिटिबाट मनोनित । | (क) निर्वाचन क्षेत्रीय समन्वय कमिटीबाहेकका सबै स्थानीय कमिटीहरूले आफ्नो तहको अधिवेशन आयोजना गर्नेछन् ।<br>(ख) स्थानीय अधिवेशनका प्रतिनिधि देहाय बमोजिम हुनेछन् :<br>१. सम्बन्धित कमिटीले निर्धारण गरे बमोजिम सङ्गठित सदस्यहरूबाट निर्वाचित,<br>२. उपधारा १ बमोजिम निर्वाचित प्रतिनिधिहरूको कुल सङ्ख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित कमिटिबाट मनोनित । |
| २१ | ४१ (घ) | स्थानीय अधिवेशनको काम | १. आफ्नो तहको परिषद्का सदस्यहरूको निर्वाचन गर्ने । | १ं आफ्नो तहको परिषद्का सदस्यहरूको निर्वाचन गर्ने । | ४ आफ्नो तहको कमिटीका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने । |
| २२ | ४२ (क), (ख), | स्थानीय परिषद्हरु | (क) धारा ४० मा उल्लेखित सबै स्थानीय परिषद्हरू आफ्नो तहको अधिवेशनबाट निर्वाचित हुनेछन् ।<br>(ख).स्थानीय परिषद्को सदस्य संख्या सम्बन्धित | (क) धारा ४० मा उल्लेखित सबै स्थानीय परिषद्हरू आफ्नो तहको अधिवेशनबाट निर्वाचित हुनेछन् ।<br>(ख).स्थानीय परिषद्को सदस्य संख्या सम्बन्धित | (क) स्थानीय तहमा निम्न सदस्यहरू रहेका परिषद्हरू हुनेछन् :<br>१. स्थानीय कमिटी, सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी एवं सदस्यहरू, |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) | | तहको अधिवेशनले निर्धारण गरे अनुसार हुनेछ । | तहको अधिवेशनले निर्धारण गरे अनुसार हुनेछ । | २.एकतह तल्लो निर्वाचित कमिटीका पदाधिकारीहरू,<br>३. पार्टी सम्बद्ध जनसङ्गठनका सम्बन्ति तहका अध्यक्षहरू,<br>४.उपयुक्त सङ्ख्याको ५ प्रतिसतभन्दा बढी नहुनेगरी सम्बन्धित कमिटीबाट मनोनित सदस्यहरू । |
| २३ | | स्थानीय परिषद्हरुको काम | १. आफ्नो तहको कमिटीबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।<br>२. आफ्नो तहको कमिटीका पदाधिकारी र सदस्यहरुको निर्वाचन गर्ने ।<br>३. आफ्नो तहको कमिटीका पदाधिकारी र सदस्यहरुको आवश्यक हेरफेर र पदपूर्ति गर्ने । | १.आफ्नो तहको कमिटीबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।<br>२.आफ्नो तहको कमिटीका पदाधिकारी सदस्यहरुको निर्वाचन गर्ने ।<br>३.आफ्नो तहको कमिटीका पदाधिकारी सदस्यहरुको आवश्यक हेरफेर र पदपूर्ति गर्ने । | १. आफ्नो तहको कमिटीबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।<br>२. आफ्नो तहको कमिटीलाई आवश्यक सुझाव दिने । |
| २४ | ४३ (क), (ख), (ग), | स्थानीय कमिटी | (क) धारा ४० को ४ र ५ मा उल्लेखित समन्वय कमिटीबाहेक सबै स्थानीय कमिटीहरू आफ्नो तहको परिषद्बाट निर्वाचित हुनेछन् ।<br>(ख) सबै स्थानीय कमिटीमा अध्यक्ष-१, उपाध्यक्ष-२, सचिव-१, उप-सचिव-३ (१ महिलासहित) ।<br>(ग) स्थानीय कमिटीहरूको कुल सदस्य सङ्ख्या महिला, समावेशी र युवा तथा विषय विज्ञहरुको उचित प्रतिनिधित्व हुने गरी निम्नानुसार हुने छ :<br>१. एक मात्र प्रतिनिधिसभा निर्वान क्षेत्र भएको जिल्ला कमिटी बढीमा १५१ सदस्यीय र एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा एक निर्वाचन क्षेत्र बराबर थप ५ का दरले संख्या थप गरिने छ ।<br>२. विशेष जिल्ला कमिटी १५१<br>३. महानगर कमिटी १५१,<br>४. उपमहानगर कमिटी १२५,<br>५. नगर कमिटी ९९,<br>६. गाउँ कमिटी ७५, | (क) निर्वाचन क्षेत्र समन्वय कमिटीबाहेक सबै स्थानीय कमिटी आफ्नो तहको परिषद्बाट निर्वाचित हुनेछन् ।<br>(ख) सबै स्थानीय कमिटीमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, उप-सचिव १ र सदस्यहरू रहनेछन् ।<br>(ग) स्थानीय कमिटीहरूको कुल सदस्य सङ्ख्यन निम्नानुसार हुने छ :<br>१. एक मात्र प्रतिनिधिसभा निर्वान क्षेत्र भएको जिल्लाको जिल्ला कमिटी ५१ सदस्यीय हुनेछ । एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा एक निर्वाचन क्षेत्र बराबर १ सदस्य थप्न सकिने छ ।<br>२. महानगर कमिटी बढीमा ५१,<br>३. उपमहानगर कमिटी बढीमा ४१,<br>४. नगर तथा गाउँ कमिटी बढीमा ३१,<br>५.महानगर र उपमहानगरका वडा कमिटी बढीमा २५,<br>७. नगर तथा गाउँका वडा कमिटी बढीमा २१,<br>८. प्रारम्भिक कमिटी बढीमा १५, | (क) निर्वाचन क्षेत्र समन्वय कमिटीबाहेक सबै स्थानीय कमिटी आफ्नो तहको अधिवेशनबाट निर्वाचित हुनेछन् ।<br>(ख) सबै स्थानीय कमिटीमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, उप-सचिव १ र सदस्यहरू रहनेछन् ।<br>(ग). एक मात्र प्रतिनिधिसभा निर्वान क्षेत्र भएको जिल्लाको जिल्ला कमिटी ५१ सदस्यीय हुनेछ । एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा एक निर्वाचन क्षेत्र बराबर १ सदस्य थप्न सकिने छ ।<br>२. महानगर कमिटी बढीमा ५१,<br>३. उपमहानगर कमिटी बढीमा ४१,<br>४. नगर तथा गाउँ कमिटी बढीमा ३१,<br>५.महानगर र उपमहानगरका वडा कमिटी २५,<br>७. नगर तथा गाउँका वडा कमिटी बढीमा २१,<br>८. प्रारम्भिक कमिटी बढीमा १५, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ७. महानगर वडा कमिटी ७५<br>८. उपमहानगर  वडा कमिटी ५५<br>९. नगर र गाउँ वडा र शाखा कमिटी ३५,<br>१०. प्रारम्भिक कमिटी २५, | | |
| २५ | ४९ | पदाधिकारीको योग्यता | | सबै तहका पार्टी पदाधिकारी एवं सदस्यहरुले पार्टी स्कूलले सञ्चालन गरेको कक्षामा सामेल भई प्रशिक्षण लिएको हनुनपर्ने छ। (थप गर्ने) | |
| २६ | ५३ | निर्वाचन | (क) पार्टी केन्द्रीय कमिटी र केन्द्रीय आयोगका पदाधिकारी र सदस्यहरूको निर्वाचन केन्द्रीय परिषद्को बैठकलले  निर्णय गरे बमोजिम हुनेछ। | (क) पार्टी केन्द्रीय कमिटी र केन्द्रीय आयोगका सदस्य एवं पदाधिकारीहरूको चयन केन्द्रीय परिषद्ले  गर्ने छ। | (क) पार्टी केन्द्रीय कमिटी र केन्द्रीय आयोगका पदाधिकारी र सदस्यहरूको निर्वाचन राष्ट्रिय महाधिवेशनले गर्ने छ। |
| | | | | **कम्युनिष्ट आचरण र नैतिकता (थप गर्ने)**<br>१. हाम्रो पार्टीका नेता तथा कार्यकर्ताको आर्थिक र नैतिक आचरण शुद्ध हुनु पर्दछ। खानपान, रहनसहन, बसउठ आदि सरल र सामान्य हनु पर्दछ।<br>२. कमयुनिष्ट नैतिकता मूल पक्ष हो व्यक्तिवादको विस्थापन र सामुहिकतावादको स्थापना। हामीले यस मर्मलाई आत्मसात गर्नुपर्दछ।<br>३. हाम्रो पार्टीका नेता तथा कार्यकताहरुमा निजी स्वार्थको परित्याग गरी सामुहिक हित एवम् राष्ट्र, राष्ट्रियता, देश, जनता र श्रमजीवी वर्गको सेवामा समर्पित भएर लाग्ने उच्च क्रान्तिकारी नैतिकता हुनु पर्दछ।<br>४. हाम्रो आचार-व्यवहार र जीवनशैली सादा र सरल हुनु पर्दछ। हामी सादा जीवन उच्च विचारको हुनु पर्दछ।<br>५. हामी कम्युनिष्टहरु अर्काको श्रम शोषण नगर्ने, श्रमप्रति सम्मानको दृष्टिकोण रार्ख्ने, आफै पनि श्रम गर्ने, शुद्ध एवम् पारदर्शी आर्थिक व्यवहार गर्ने र महिलाप्रति एकनिष्टताको साथै समानताको व्यवहार गर्ने हुनु पर्दछ। यो नै कम्युनिष्ट नैतिकता हो। | |